बैठक संख्याः ०९ - २०८२।०८३

आज मिति २०८२।११।१२ गतेका दिन यस लालझाडी गाउँपालिका गाउँकार्यपालिकाका अध्यक्ष श्री निर्मल राना ज्यूको अध्यक्षतामा तपसिल बमोजिमका गाउँकार्यपालिका सदस्यहरुको उपस्थितीमा गाउँ कार्यपालिकाको बैठक बसी देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल गरी निर्णयहरु पारित गरियो।

**उपस्थिति :**

१. श्री निर्मल राना (गाउँपालिका अध्यक्ष)
२. श्री सपना चौधरी राना (गाउँपालिका उपाध्यक्ष)
३. श्री प्यारेलाल राना (१ नं. वडा अध्यक्ष)
४. श्री आशाराम राना (२ नं. वडा अध्यक्ष)
५. श्री टिकाराम डगौरा (३ नं. वडा अध्यक्ष)
६. श्री बहादुर राना (४ नं. वडा अध्यक्ष)
७. श्री पहल बहादुर थापा (५ नं. वडा अध्यक्ष)
८. श्री हर्कनारायण जोशी (६ नं. वडा अध्यक्ष)
९. श्री वसमती राना (गाउँकार्यपालिका सदस्य)
१०. श्री दिलमाया चौधरी (गाउँकार्यपालिका सदस्य)
११. श्री विन्दु देवि तिरुवा (गाउँकार्यपालिका सदस्य)
१२. श्री शान्ती सार्की (गाउँकार्यपालिका सदस्य)
१३. श्री गीता देवि कोली (गाउँकार्यपालिका सदस्य)
१४. श्री दुर्गा देवि कामी (गाउँकार्यपालिका सदस्य)
१५. श्री राज बहादुर सार्की (सदस्य सचिव)

**बैठक संख्या:०९- ०८२।०८३ मिति २०८२।११।१२ गते बसेको कार्यपालिका बैठकका निर्णयहरु:**

**निर्णय नं. १**

यस गाउँपालिकाको वार्षिक स्वीकृत कार्यक्रम अनुसार महिलाहरुलाई खेलकूदमा सहभागिता प्रवर्द्धन गर्न तथा महिला खेलकूद क्षेत्रमा अभिवृद्धि ल्याउन विनियोजित बजेटको परिधिभित्र रहि स्वतन्त्र युवा क्लबद्वारा वडा नं ४ मा खेलकूद कार्यक्रम आयोजना गर्ने साथै कार्यक्रम प्रस्ताव अनुसार बजेट रकमा अपुग हुने देखिएकोले आवश्यक खेलकूद सामग्री उपलब्ध गराउने।

**निर्णय नं. २**

जिल्ला स्तरमा हुने राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा संचालन हुने अवस्थामा यस गाउँपालिकाबाट खेलाडीहरुको सहभागीताका लागि आवश्यक पर्ने खेलकूद प्रशिक्षक सामग्री आवतजावत बसोबास खानाखाजा लगायतका खर्चका लागि रकम रु १,५०,०००। अक्षरेपी एकलाख पचास हजार मात्र उपलब्ध गराउने ।

**निर्णय नं. ३**

यस गाउँपालिकाको स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार सुदूर पश्चिम प्रदेश विशेष अनुदान अन्तरगत सिचाँई आयोजना कार्यान्वयनमा वडा नं १ र ६ मा सिङ्गल बोरिङ जडान गर्नुपर्ने अवस्था देखिएकोले उक्त आयोजना कार्यान्वयनका लागि प्राविधिक शाखा मार्फत पेश हुन आएको आयोजनाको भेरियसन आदेश स्वीकृत गर्ने।

निर्णय प्रमाणित

राज बहादुर सार्की
प्रमुख प्रशासकीय अधिकृत

लालझाडी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
शंकरपुर, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल